सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१६
पौष, २०७५

सिटिजन हेल्पडेस्क बुलेटिनको सोह्रौं अंकमा स्वागत छ। "सिटिजन हेल्पडेस्क", नेपालमा खुला, पारदर्शि र जवाफदेही स्थानीय सरकार निर्माणमा सहयोग गर्ने लक्ष सहित स्थानीय अभियन्ता (Community Frontline Associates) ले नेतृत्व गरेको साझा अभियान हो। यस अभियानले सहभागितामुलक अभ्यास, सामुहिक सिकाई र सहि सूचनालाई केन्द्रमा राखेर सरकार र नागरिक बिचको सम्बन्धलाई विश्वसनिय बनाउने भुमिका निर्वाह गर्दछ। साथसाथै, सरकार र नागरिकसंग समन्वय गरी स्थानीयका आवश्यकता अनि चाहना बमोजिम सार्वजनिक निर्णयहरु तय गर्न पनि सहयोग गर्दछ।

## हल्ला

**नेपालगञ्ज, बाँके**

"चुनावताका घरघरमा खानेपानीको धारा आउछ भनेका थिए तर, अहिले सम्म छिमेकीको घरबाट पानी बोकेर पिउदैछु।"

**नेपालगञ्ज, बाँके**

"आवास नभएका नागरिकलाई वडाकार्यालयले आवास बनाईदिने भन्ने सुनेको छु। शौचालय नभएकालाई शौचालय र धारा नभएकालाई वडा कार्यालयले धारा बनाईदिन्छ भन्ने सुनिन्छ नि !"

**नेपालगञ्ज, बाँके**

"नेपालगञ्जमा कच्चि घर हुनेजति सबैलाई सरकारले घर बनाइदिने रे नि त !"

## यथार्थ

नेपालगञ्ज उप-महानगरपालिकाले पाँच वर्ष भित्रमा उप-महानगरभित्र फुसका छाना भएका घरलाई पूर्णरुपमा विस्थापित गर्ने लक्ष राखेको छ। जस अनुसार नागरिक सरकार साझेदारी रणनिति अनुसार अगाडी बढ्ने योजना लागु भईरहेको छ।

हाल स्थानीय सरकारले वडा र वस्ती स्तरमा लक्षित वर्गका योजनाहरू पनि छुट्याउदै स्थानीयका चाहना अनुसार उनीहरूका माग परीपुर्ती गर्ने लक्ष राखेको छ।

जस अनुसार नेपालगञ्ज उप-महानगरले उप-महानगर भित्रका पाँच ठाउँमा सार्वजनिक शौचालय बनाईरहेको छ। त्यसै गरेर, उपमहानगरका अति व्यस्त रहने ठाउँलाई मध्यनजर गर्दै चार ओटा घुम्ती शौचालय सुचारु हुने अवस्थामा छ।

कुनै परिवारको आर्थिक अवस्था न्युन छ भन्ने प्रमाणका आधारमा वडा कार्यालयले सिफारीस गऱ्यो भने नगरपालिकाले खानेपानी तथा शौचालयको लागि उक्त परिवारलाई सुविधा उपलब्ध गराउँछ। त्यसकालागि व्यक्ति स्वयं वडा कार्यालयमा गएर आवश्यक सहयोगको माग गरी निवेदन दिनुपर्दछ।

**हरि प्याकुरेल**
प्रमुख प्रशासकिय अधिकृत
नेपालगञ्ज उप-महानगरपालिका
बाँके
००९७७-९८५८०६६१११

# सवाल

## नेपालगञ्ज, बाँके

"जनप्रतिनिधिहरू चुनाव पछि घरदैलोमा आउन छाडेका छन् । बजेट कार्यक्रमको बारेमा जनतालाई थाहा नै छैन ।"

## नेपालगञ्ज, बाँके

"हाम्रो गाउँ ठाउँको बजेट योजना तर्जुमामा हामी कसरी सहभागी हुने ? योजना, बजेट कसरी बन्छ अहिले सम्म थाहा छैन ।"

## नेपालगञ्ज, बाँके

"चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको बारेमा सूचना माग्न जाँदा मैले सूचना प्राप्त गर्न सकिन । आफ्नो गाउँठाउँमा आएको बजेटको बारेमा मैले कसरी जानकारी पाउन सक्छु ?"

# जवाफ

नेपाल सरकारले हरेक वर्ष जेष्ठ १५ गते भित्र बस्ती/टोल स्तरबाट योजना छनौट गर्नु पर्दछ । वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लीम, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

सबैको सहभागीतामा आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा योजनाको छनोट गर्नुपर्दछ । सो योजनाकै आधारमा बजेट छुट्याई कार्यान्वयन गर्नु पर्दछ ।

एक करोड सम्मको योजनामा उपभोक्ता समिति गठन गरेर योजना कार्यान्वयन गर्ने व्यवस्था छ । अन्य अवस्थामा पनि जस्को घर अगाडी बाटो छ, खनेपानी छ उनिहरुको सहभागीताबिना कुनै पनि योजना कार्यान्वयन हुदैन ।

निम्न माध्यमबाट आफ्नो वडाको बजेट तथा कार्यक्रमको बारेमा जानकारी लिन सकिन्छः

१. स्थानीयलाई आफ्नो वडाको बजेट तथा कार्यक्रमको बारेमा जानकारी गराउन नेपालगञ्ज उप-महानगरपालिकाले नेपालगञ्ज उप-महानगरपालिका नामक मोबाईल एप्लीकेशन निर्माण गरी लागु गरेको छ ।

२. प्रविधिको पहुँचबाट बञ्चित नागरिककालागि टोल फ्रि नम्बर को पनि व्यवस्था गरेको छ । त्यसकालागि स्थानीयले १६६०८१५२०५२ मा फोन गरेर पनि बजेट तथा योजनाको बारेमा जानकारी लिन सक्नेछन् ।

३. उप-महानगरपालिकाले हरेक वडाको बजेट तथा योजनाको विस्तृत विवरण सहितको पुस्तीका प्रकाशन गरेको छ । जुन पुस्तीका हरेक वडा कार्यालयमा सहजै उपलब्ध छ ।

४. सूचनाको हक २०६४ बमोजिम पनि आफुलाई आवश्यक बजेट तथा योजनाको बारेमा जानकारी लिन सकिन्छ ।

**हरि प्याकुरेल**
प्रमुख प्रशासकिय अधिकृत
नेपालगञ्ज उप-महानगरपालिका
बाँके
००९७७-९८५८०६६१११

| स्रोत | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|

# प्रश्न



## नेपालगञ्ज, बाँके

“वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई सरकारले सहयोग गर्छ भन्ने सुनिन्छ। वास्तवमा सरकारले कस्तो सहयोग गर्ने हो ?”

## बलेफी, सिन्धुपाल्चोक

“सरकारले वैदेशिक रोजगारीमा जानेहरूको लागि पैसा दिने रे भन्ने सुनेको थिए, साँचो हो कि हैन ? युवाहरूलाई सरकारले शैक्षिक प्रमाणपत्र राखेर पैसा दिन्छ भन्ने सुनेको थिए, के सरकारले वैदेशिक रोजगारीमा जान पनि ऋण दिन्छ ?”

## पनौति, काभ्रेपलाञ्चोक

“सहकारीबाट ऋण निकालेर वैदेशिक रोजगारीमा जाने योजनामा छु। फेरी सरकारले शैक्षिक प्रमाणपत्र राखेर पैसा दिन्छ भन्ने सुनिन्छ। के यो साँचो हो ?”

# उत्तर

शैक्षिक प्रमाणपत्र धितो राखेर वैदेशिक रोजगारीमा जान चाहने युवालाइ सरकारले कुनै किसिमको कर्जा दिने व्यवस्था गरेको छैन।

उच्च शिक्षा हासिल गरेर पनि कुनै रोजगारी नभएका युवाहरूलाई स्वदेशमै बसेर व्यवसाय तर्फ आकर्षित गर्ने उद्देश्यले सरकारले उनिहरुको शैक्षिक योग्यता धितो राखेर कर्जा दिने व्यवस्था गर्दैछ।

कर्जा कसलाई दिने, कहाँबाट दिने, कति जनालाई दिने, कुन उमेर समुहलाई दिने र कति पढेकालाई दिने भन्ने कुरा सो व्यवस्था सम्बन्धी कार्यविधिले स्पष्ट गर्नेछ।

त्यसै गरी, वैदेशिक रोजगारीबाट सिप सिकेर फर्किएका व्यक्तिहरूको लागि भने, उनिहरूले सिकेको सिपका आधारमा कुनै व्यवसाय सञ्चालन गर्न चाहे भने सरकारले कर्जा दिने भन्ने विषयमा आ.व. २०७५/२०७६ को बजेटमा व्यवस्था गरीएको छ।

**चन्द्रकला पौडेल**
प्रवक्ता तथा सूचना अधिकारी
अर्थ मन्त्रालय सिंहदरबार
काठमाण्डौ
००९७७-०१४२००५३७

# मेरो कथा – अनुभुती र भोगाई





## सुरेन्द्र गुप्ता
### नेपालगञ्ज, बाँके

आम नागरिकले जननिर्वाचित जनप्रतिनिधि पाइसकेपछि पनि सोचे अनुसारको सेवा सुविधा पाएकाछैनन् भन्ने जनगुनासो सुन्न सकिन्छ। तर, नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ८ को कथा बेग्लै छ। यो वडाको कार्यालयले हप्ताको सातै दिन आफ्ना सेवाग्राहीलाई सेवा दिईरहेको छ। वडा अध्यक्ष सुरेन्द्र गुप्ताको पहलमा यस अभ्यासको थालनि भएको हो। शनिबारको दिन वडा अध्यक्ष सुरेन्द्र गुप्ता आफै कार्यालयमा बस्नुहुन्छ। स्थानीयका गुनासा, सुझाव भए आफै सुन्नुहुन्छ। यदि कोही अत्यावश्यक सेवा दिनुपर्ने सेवाग्राही कागजी काम लिएर आए भने, त्यस्तो खण्डमा वडा अध्यक्ष गुप्ताले वडा सचिव वा अन्य कर्मचारीलिाई बोलाएर भए पनि काम गरेर पठाउने गर्नुभएको छ।

शनिबारको दिनमा सबैजना कर्मचारी कार्यालयमा आएर कामगर्न बाध्यकारी छैनन्। वडा अध्यक्षले पनि कसैलाई करबल गर्नुभएको छैन। उनीहरूलाई थप कुनै सेवा सुविधा पनि दिनुपरेको छैन। सबै कर्मचारीहरू विशुद्ध सेवाभावलेमात्र सार्वजनिक विदाको दिनमा कार्यालयमा आएर काम गरिरहेकाछन्। उनीहरू सबैको एउटै लक्ष छ, स्थानीय सरकार र नागरिक विचको सम्बन्धलाई कसरी सुदृढ बनाउने। त्यसैले सबै जन प्रतिनिधि र कर्मचारी एकढिका भएर नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ८ लाई नमुना वडा बनाउने उद्देश्य सहित अगाडी बढिरहेका छन्।

प्राय स्थानीय निकायमा जनप्रतिनिधि र कर्मचारीबिच द्वन्द छ। स्थानीय सरकारले जनताका कुरा सुन्दैन र सेवा प्रवाहमा पनि ढिलासुस्ती हुन्छ भन्नेहरूकालागि नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ८ उदाहरण बन्न सक्छ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- सस्थानीय तहमा हेल्पडेस्क संचालन गर्ने सम्बन्धमा गरिएको निर्णय (Link)
- वैदेशिक रोजगारीमा जाने कामदारले जान्नैपर्ने कुराहरु (Link)
- नेपालगंज उपमहानगरपालिकाको विषयगत विकास बबजेट बाँडफँड (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र स्थानीय स्तरमा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन् । २०७५ मंसिर १ गतेदेखि २०७५ मंसिर २९ गतेसम्म ५ जिल्लाका करिब १३२४ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Accountability Lab द्वारा American Embassy को सहयोगमा प्रकाशित सिटिजन हेल्पडेस्क बुलेटिन ।**

accountabilitylab NEPAL

AMERICAN EMBASSY